# कालिकोट जिल्लाको १८ औं जिल्ला परिषदमा जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री टीकाराम ज्ञवालीबाट प्रस्तुत नीति, कार्यक्रम तथा वजेट

श्रद्धेय प्रमुख अतिथि माननीय उप-प्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहज्यू ,

विशिष्ट अतिथि माननीय सभासद महेन्द्रवहादुर शाहीज्यू,

विशिष्ट अतिथि माननीय सभासद तुलाराज विष्टज्यू,

भूतपूर्व मन्त्रीज्यू,

सहायक मन्त्रीज्यू

भूतपूर्व सांसद एवं सभासदज्यूहरु

साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम त म जिल्ला विकास समिति कालिकोटको तर्फवाट हार्दिक अभिवादन एवं स्वागत गर्दछु । साथै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवं अधिकार सम्पन्न वनाउने महान् अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरिमामय सभामा जिल्ला विकास समिति कालिकोटको तर्फवाट समग्र जिल्लाको विकासका लागि मार्गदर्शनको रुपमा रहने आगामी आ.व. २०७२/०७३ को वार्षिक नीति, कार्यक्रम एवं वजेटको वारेमा जानकारी गराउन पाउँदा आफुलाई गौरवान्वित ठानेको छु । यस अवसरमा हाम्रा अथक प्रयासहरुमा हरदम सहयोग प्रदान गर्नुहुने यस जिल्लाका माननीय सभासदज्यूहरु, पूर्व सभासदज्यूहरु, स्थानीय राजनीतिकदल तथा विकास अभियन्ताकारुपमा रहेका कार्यालय, संघ संस्था, कालिकोट जिल्लावासी आदरणीय दाजुभाई तथा दिदी वहिनीहरु लगायत सम्पूर्ण निकायहरु प्रति हृदय देखि नै आभार ब्यक्त गर्दछु ।

नेपालकै अति दुर्गम हिमाली जिल्ला मध्येको एक कालिकोट जिल्ला पूर्वाधार विकासको क्षेत्रमा पछाडी परेको छ । यहाँको भौगोलिक विविधताका कारण विविध प्रजातिका वनस्पतिहरु जस्तै तराईमा पाईने खाद्यवस्तु देखि हिमालमा पाईने फलफूल तथा जडिवुटीहरु सम्म यसै जिल्लामा पाईने हुँदा यहाँ विकासका अथाहा सम्भावनाहरु लुकेर वसेका छन् । यी संभावनाहरुको सुव्यवस्थित र उपयोगद्वारा समग्र कालिकोटवासीको जीवनमा सकारात्मक परितर्वन ल्याउन १८ औं जिल्ला परिषद सफल हुने विश्वास लिएको छु । स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिहरु नभएको अवस्था भएता पनि उल्लेखित समस्या तथा चुनौतीहरु सामना गर्न जिल्लामा राजनैतिक समझदारी र सहमति, विकास प्रति जनताको नयाँ उत्साह, चासो र जाँगर तथा राष्ट्रसेवक कर्मचारीहरुको लगनशिलता, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुवाट विकास प्रक्रियामा भएको सहभागिता र लगानीले हाम्रो उत्साह र साहसलाई घट्न दिएको छैन । त्यसैले हामी सवैको साझा प्रयासवाट उपलब्धिमुलक काम गर्न पाँच वर्षे आवधिक जिल्ला विकास योजनाको तयारी अन्तिम चरणमा पुगेको छ । उक्त आवधिक योजना प्रकाशन भए पश्चात आगामी दिनहरुमा सोही योजनाका आधारमा टेकेर वार्षिक योजना तयार गरी लक्ष्यमा पुग्न सहज हुने अपेक्षा गरेको छु ।

**आदरणीय अतिथि महानुभावहरु,**

**आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको छु ।**

१. नेपालको अन्तरिम संविधान, २०६३ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु ।

२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ ।

३. आवधिक १३ औं योजनाले निर्धारण गरेका नीति तथा कार्यक्रमहरु ।

४. सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेका प्रमुख क्षेत्रहरु ।

५. मस्यौदा भई अन्तिम चरणमा पुगेको आवधिक जिल्ला विकास योजनाले निर्धारण गरेका अवधारणा, उद्देश्य तथा प्राथमिकताहरु ।

६. राष्ट्रिय योजना आयोगद्वारा प्राप्त कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन ।

७. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले निर्दिष्ट गरेका व्यवस्थाहरु ।

८. नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु ।

९. वस्ती, वडा नागरिक मञ्च, गाउँ परिषद्, इलाका स्तरीय गोष्ठि, विषयगत समिति, एकीकृत योजना तर्जुमा समिति हुदै सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकिकरण सहित प्राप्त भएका योजना तथा सुझावहरु ।

**<u>वजेटका आधारभूत सोच :</u>**

भौतिक पूर्वाधार र स्वरोजगार कार्यक्रमलाई संगसंगै लैजानु पर्ने भएकाले सडक संजालमा जोडिएका (DTMP) सडकलाई उच्च प्राथमिकता दिदै स्वरोजगारको माध्यमवाट कृषि क्षेत्रमा व्यवसायीकरण, वजारिकरण तथा यान्त्रीकरणलाई प्रोत्साहित गर्दै आर्थिक वृद्धि गरी जीवनस्तरमा सुधार हुने अपेक्षा गरिएको छ ।

**<u>आगामी आर्थिक वर्षका लागि वजेटका प्रमुख उद्देश्यहरु :</u>**

१. रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजगारमूलक कार्यक्रम मार्फत आत्मनिर्भर वनाउने तर्फ विशेष पहल गर्ने ।

२. भौतिक तथा आर्थिक पूर्वाधार विकासका साथै स्वरोजगारद्वारा गरिवी न्यूनकरणमा जोड दिने ।

३. आर्थिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता वढाउने तर्फ विशेष पहल गर्ने ।

४. जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी विकासको अवधारणालाई मूर्तरुप दिने ।

५. पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन प्रर्द्धनमा जोड दिने ।

**वजेटका प्राथमिकताहरु :**

उल्लेखित उद्देश्य परिपूर्तिका लागि वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

१. रोजगार कोष खडा गरी स्वरोजगारमुखी, समावेशी आर्थिक विकास ।

२. भौतिक तथा आर्थिक पूर्वाधारको विकासको लागि जलविद्युत तथा स्थानीय सडकलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्दै जाने ।

३. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा जोड ।

४. पर्यटन प्रवर्द्धनद्वारा आर्थिक विकासमा जोड ।

५. एकीकृत अनुगमन प्रणाली मार्फत संचालित आयोजनाहरुको प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि गर्ने ।

**श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु एवं अन्य अतिथिज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०७२/०७३ का लागि तय गरिएका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार विकास तर्फ :**

१. जिल्लामा हुने विकास निर्माणका कार्यक्रमहरु उपभोक्ता समितिवाट गर्दा प्रभावकारिता र अपनत्व हुने भएता पनि उपभोक्तावाट काम गर्दा वाधा व्यवधान सिर्जना भएमा दलीय सहमतिको आधारमा ठेक्कावाट काम गर्ने र समयसीमा भित्र प्रभावकारी कार्यान्वयन गर्नुका साथै अनुगमन तथा गुणस्तर मूल्यांकनमा जोड दिईने छ ।

२. तिला १ र तिला २ जलविद्युत आयोजनाको निर्माण अविलम्व प्रारम्भ गर्न पहल गरिने छ ।

३. निर्माण सम्पन्न र निर्माणाधिन योजनाहरुको अनुगमनका लागि तेश्रो पक्षको समेत सहभागितामा संयुक्त अनुगमन प्रणाली (Joint Monitering System) लागु गर्ने ।

४. गत वर्ष देखि ग्रामिण पहुच कार्यक्रम तेश्रो (RAP-3) ले सान्निघाट-फुकोट-स्युना-सिपखाना सडक आयोजना १८ कि.मि. र जारकोट-राम्नाकोट सडक आयोजना ५.५ किमि गरी कुल २३.५ कि.मि. मोटरेवल सडक निर्माण गर्ने लक्ष्यका साथ अघि वढेको छ भने यसै वर्ष देखि विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम (DRILP-AF) बाट हुल्म-सेरी-साँख-छेलाहाल्ना सडक खण्डको ठेक्का स्वीकृत भई निर्माण कार्य शुरु भई सकेको छ । ।

५. झोलुङ्गे पुलतर्फ गत वर्ष भर्ता गाविसको भर्तागाड, सुकाटीया गाविसको दहचौर, ओदानकु र गेला गाविस वीच झ्यागाड, थिर्पु गाविसको खिर्पि, फुकोट गाविसको फुकोट गरी ५ वटा सम्पन्न भएका छन भने यो आ.व.मा ८ वटा झो.पु. सम्पन्न गर्ने लक्ष्य लिईएको छ । अव देखि तुईनहरुलाई विस्थापित गरी तुईन संचालन भईरहेका आवश्यक सवै ठाउँमा झो.पु. वनाउने सरकारी नीति रहेको कुरा पनि यहाँहरुमा अवगत गराउन चाहन्छु ।

६. ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW) वाट गत वर्ष वदालकोट, राम्नाकोट, थिर्पु, धौलागोह, खिन र नानीकोट गरी ६ वटा गाविसहरुमा काम भईरहेकोमा यो वर्ष देखि राम्नाकोट, थिर्पु, धौलागोह र खिन ४ वटा गाविसहरुमा मात्र निरन्तरता दिने निर्देशन केन्द्रवाट प्राप्त भएकाले सोही अनुरुप प्रक्रिया अगाडि वढाईएको छ ।

७. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम तर्फ प्राप्त हुने एक करोडको वजेटवाट वदालकोट गाविसको रेंगिल खोला जलविद्युत आयोजनालाई उच्च प्राथमिकता दिई

सदरमुकाम मान्मलाई नियमित विद्युत आपुर्ति गर्ने लक्ष्य राखिएको छ भने कालिकोट जिल्लालाई अन्धकारमुक्त आर्थिकरुपले सम्वृद्ध जिल्ला वनाउने उद्देश्य साथ यसै वर्ष देखि लालु गाविसको रहगाड, थिर्पु गाविसको फुगाड, पाँखा गाविसको चौखोला, जुविथा गाविसको खल्लागाड र थिर्पु गाविसको टिपगाडमा लघु जलविद्युत आयोजना संचालन गर्न निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमवाट नै वजेट विनियोजन गरिएको छ। कृषि, शिक्षा स्वस्थ्य र पूर्वाधारको विकास, उज्यालो कालिकोटको आधार भन्ने अभियानका लागि जलविद्युत क्षेत्रलाई उच्च प्राथमिकता दिएको छ।

## सामाजिक विकास तर्फ :

१. जिल्ला शिक्षा कार्यालय कालिकोटको भौतिक पूर्वाधार निर्माण कार्य र विद्यालय प्रशासनमा थप प्रभावकारिता ल्याउन राजनीतिक दलहरुलाई समेत आमन्त्रण गरी नदोहोरिने गरी समानुपातिकरुपमा योजना छनौट गरी निर्माण कार्य प्रभावकारी वनाईने छ।

२ कालिकोट जिल्ला कर्णाली अंचलको पहिलो, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको चौथो र नेपालको आठौं खुल्ला दिशा मुक्त जिल्ला घोषणा भएको हुँदा अव यस शाखलाई वचाई राख्न Post ODF का कार्यक्रमहरुलाई प्रभावकारीरुपमा अगाडि वढाईने छ।

३. विषयगत कार्यालयहरुवाट वालवालिकाहरुमा आधारित कार्यक्रम तर्जुमा गर्ने ब्यवस्था मिलाई वालमैत्री स्थानीय शासनको अनुभूति दिईने छ।

४. स्वास्थ्य क्षेत्रमा जिल्ला अस्पतालको ब्यवस्थापन पक्षमा थप सुधार गरी अत्यावश्यक सेवाहरु सुचारु गर्न जिल्ला विकास समितिले आवश्यक पहल गर्नेछ।

५. जिल्लाका जेष्ठ नागरिकहरुको सम्मान गर्दै सोही कार्यलाई निरन्तरता दिने गरी जेष्ठ नागरिकहरुको सम्मानका लागि वृद्धाश्रम निर्माणका लागि जग्गाको खोजी

गरीने छ । जग्गा प्राप्त हुना साथ आगामी आ.व. देखि वजेटको ब्यवस्था गरिने छ ।

६. जिल्ला विकास समितिमा NGO Desk राख्नका लागि जिम्मेवारी समेत तोकीएको हुँदा यसै आ.व. देखि उक्त Desk मार्फत गैससहरुको कामलाई थप पारदर्शी र प्रभावकारी वनाईने छ । सरकारी एवं गैर सरकारी संस्थाबाट गरीने लगानीलाई प्राथमिकताक्रम तोकी एक द्वार प्रणाली मार्फत कार्यान्यन गर्न पहल गरीने छ ।

## आर्थिक विकास तर्फ :

१. कर्णाली रोजगार कार्यक्रम तर्फ मेहलमुडी गाविसमा मागमा आधारित नमूना आयोजना र अन्य रुप्सा, कुमालगाउँ, कोटवाडा, दाँहा, जुविथा, राँचुली, फोईमहादेव, चिल्खाय र सुकाटीया गरी १० गाविसहरुमा नमूना योजना (Pilot Project) को रुपमा कार्यक्रम लागु भएवाट कामको गुणस्तरमा वृद्धि हुनुका साथै जनताले प्रत्यक्ष रोजगार पाई जनताको आर्थिक स्तरमा वृद्धि भएको छ । आगामी दिनमा वाँकी २० गाविसमा समेत नमूना योजना (Pilot Project) को रुपमा काम गर्न सम्वन्धित निकायमा अनुरोध गरी कर्णाली रोजगार कार्यक्रमलाई अझ वढी प्रभावकारी वनाउदै लगिने छ ।

२. पश्चिम उच्च पाहाडी गरिवि निवारण आयोजना कार्यक्रम (WUPAP) यस जिल्लाका १५ गाविसमा संचालन भई रहेको छ । यी गाविसहरुमा लक्षित समूहहरु पहिचान गरी समूहको मागको आधारमा सामूदायिक लगानी योजना निर्माण गरी आय आर्जन तथा सीप विकास कार्यक्रम संचालन गरीएको छ ।

३. जिल्लामा लोप हुन लागेका स्थानीय वालीहरु चिनो, कागुनो फापर, भटमास, जौ, उवा, मार्से (लट्टे) र स्थानीय रैथाने धान जस्ता वालीहरुको संरक्षण र विकासका लागि यी वालीहरुको क्षेत्र विस्तार गर्ने कार्यहरुलाई निरन्तरता दिईने छ ।

४. राष्ट्रिय वाणिज्य वैंकमा ग्राहक वढेको कारण ग्राहकहरु वित्तीय कार्यको लागि वैंकमा जाँदा लाईनमा वस्नु पर्ने भएकोले सो कार्यलाई छिटो छरितो गराउनका लागि ATM सेवा संचालन गर्ने र कृषि विकास वैंक मार्फत वैंकिङ सेवा संचालनका लागि पहल गरिने छ ।

५. जिल्ला सदरमुकाम स्थित मान्म बजारमा पशु बधस्थलको राम्रो व्यवस्था नभएका कारण जुनसुकै ठाँउमा मासु काट्दा वातावरण प्रदुषण भई विभिन्न किसिमका सरुवा रोगहरु लाग्न सक्ने भएकोले यसबाट वच्नका लागि बजारमा व्यवस्थित वधस्थलको व्यवस्थाका लागि पहल गरिने छ ।

## वन तथा वातावरण तर्फ :

१. नेपाल जलवायु परिवर्तन सहयोग कार्यकम (NCCSP) तर्फ LAPA कार्यकमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरी दिगो आर्थिक, सामाजिक र वातावरणमैत्री कार्यकमद्वारा गरिवी न्यूनिकरण कार्यकममा सहयोग पुऱ्याईने छ ।

२. यस जिल्लामा पाईने जडीवुटीको पहिचान सहित स्रोत सर्वेक्षण गरी सम्वन्धित गाविसहरुको पायक पर्ने स्थानमा जडीवुटी प्रशोधन केन्द्र स्थापना गर्न पहल गरीने छ ।

३. यस जिल्लामा रहेका राष्ट्रिय वन तथा सामूदायिक वनहरुमा भएका अतिक्रमणहरु रोक्न तथा कमागतरुपमा हटाउन आ-आफ्नो ठाँउबाट पहल गरिने छ ।

४. यस जिल्लाको वनक्षेत्रमा निर्माण हुने सडक लगायत अन्य विकास निर्माणका कार्यहरु शुरु गर्दा वातावरण मैत्री वनाउने गरी वायो ईन्जिनियरिङ्ग समेतका कार्यक्रम संचालन गर्न सरोकारवाला निकाय संग समन्वय गरी सहमति लिएर मात्र कार्यक्रम संचालन गर्न जोड दिईने छ ।

५. कालिकोट जिल्लाको सदरमुकाम मान्म बजार प्राकृतिक प्रकोपका दृष्टिकोणले अति जोखिम पूर्ण रहेकाले जोखिमपूर्ण क्षेत्रमा पाँच वर्षे विपद व्यवस्थापन रणनीतिक योजना वनाई कार्यान्वयन गर्न पहल गरिने छ ।

## संस्थागत विकास तर्फ :

१. जिल्ला विकास समितिको कार्यालयवाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन संगठन तथा ब्यवस्थापन सर्भे (O & M Survey) गरी प्रशासनिक कार्य वोझका आधारमा कार्यालयलाई थप आर्थिक भार नपर्ने गरी पदपूर्तिका प्रकृयालाई अघि वढाईने छ ।

२. कार्यालयलाई सेवाग्राही मैत्री वनाउन कार्यालयको नाम, नागरिक वडा पत्र, गाविस सचिवहरुको नाम र सम्पर्क नम्वर, प्राविधिक कर्मचारीहरुको नाम, सम्पर्क नम्वर र जिम्मेवारी तोकिएको सवैले देख्ने ठाउँमा राखी सहज वनाईएको छ ।

३. हरेक महत्वपूर्ण सन्देश र सूचनाहरु कार्यालयको वेवसाईट र स्थानीय एफ.एम.रेडियो प्रयोग गरी सवै गतिविधिहरु नागरिकहरुको जानकारीमा ल्याउने प्रयास गरिएको छ । यसवाट सुशासन कायम गर्न थप योगदान पुग्ने विश्वास लिएको छु ।

४. जिल्लाका सवै गाउँ विकास समितिका नीतिगत दस्तावेजको रुपमा रहेका आवधिक गाउँ विकास योजना तयार भएका छन भने जिविसको आवधिक जिल्ला विकास योजनाको मस्यौदा तयार भई सकेकोले यसै आ.व.मा प्रकाशन गरी आगामी आर्थिक वर्ष देखि सोही आधारमा वार्षिक योजना तयार गर्ने कार्यको थालनी गरीने छ ।

५. MCPM का सूचकहरुमा १० अंकले वृद्धि भई विकास अनुदानमा गत वर्ष प्राप्त भएको रु. ४० लाखमा ५७८२०००।- ले वृद्धि भई ९७८२०००।- निशर्त अनुदान प्राप्त भई हामी सवैंको हौसला वृद्धि भएको छ ।

६. जिल्ला विकास समितिले विगत वर्षहरु देखि नागरिकताको फाराम विक्री वितरण गर्दै आएकोमा सेवाग्राहीलाई सहज र सुलभ होस भनी कार्यालयवाट निजी क्षेत्रलाई फाराम हस्तान्तरण गरी जुनसुकै समयमा पनि सेवाग्राहीले फाराम पाउने भएवाट सेवाग्राही जनता र कार्यालय दुवैलाई सहज भएको छ ।

## विविध :

१. पर्यटन क्षेत्रको विकासको लागि यस जिल्लाका महत्वपूर्ण पर्यटकीय स्थलहरुको पहिचान हुने गरी भिडियो डकुमेन्ट्री (वृत्तचित्र) तयारी भईसकेको छ । यसलाई प्राप्त सुझावका आधारमा परिमार्जन गरी अन्तिमरुप दिए पछि नेपालका विभिन्न टि.भि.च्यानलहरु मार्फत व्यापक प्रचार-प्रसार गरीनेछ । यसबाट कालिकोटको पर्यटन उद्योगमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

२. सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएका नीतिगत र प्रकृयागत विसंगतीहरुको अन्त्य गर्न भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नामावली तयार गरी यसै आर्थिक वर्ष देखि जिल्ला विकास समितिको वेवसाईटमा राख्ने कार्यको शुरुवात गरिनेछ । यसबाट इन्टरनेटको पहुँच भएका विश्वको जुनसुकै स्थानवाट भत्ता पाउनेहरुको नामावली देख्न सकिनेछ । जसले गर्दा पारदर्शिता अभिवृद्धि भई सुशासनमा थप टेवा पुग्ने विश्वास लिएको छु ।

३. जिल्लामा दीर्घकालीन महत्वको सुर्खेत-जुम्ला सडक खण्डको गुणस्तर अनुगमन तथा परीक्षण गर्न गठित कार्यदलले प्रभावकारीरुपमा अनुगमन गरी उक्त सडकको निर्माण कार्यमा थप गति प्रदान गरेको छ ।

४. कालिकोट जिल्लामा प्रस्तावित तिला १ र तिला २ जलविद्युत आयोजनालाई सुचारु गर्न स्थानीयवासीका माग तथा धारणा संकलन गरी सकेको हुँदा समग्र जिल्लावासीका मागलाई सम्वोधन गर्ने गरी निर्माण कार्य अघि वढाउन केन्द्रमा प्रतिनिधिमण्डल पठाई सम्वन्धित निकायमा अनुरोध गरिनेछ ।

५. मंसिर, पुसको जाडोको समयमा हात खुम्च्याएर वस्ने, जाडो छल्न अन्यत्र जाने परिपाटीको अन्त्य गरी जाडो समयमा पनि विकास निर्माणको काममा दत्त चित्त भई कार्यक्षेत्रमा खटिएको परिणाम स्वरुप चालु आ.व.मा संचालन हुने अधिकांश योजनाहरुको सर्भे, डिजाईन सम्पन्न गरिएको छ । केही योजनाका संझौता भएको

छ । यही गतिमा अघि वढन सकिएमा विकास निर्माणका कामले तिव्रता पाउने अपेक्षा गरेको छु ।

६. गत आ.व. सम्मको जम्मा वेरुजु रकम रु. ७९८१८५२३।- वाट रु ४४४९०७२३।- अर्थात ५६ प्रतिशत फछ्र्यौट गरी प्रशंसनीय कार्यका लागि वधाई प्राप्त भएको छ भने चालु आ.व.को यस अवधि सम्ममा रु. ११२३४४६३।- अर्थात ३१.८ प्रतिशत वेरुजु फछ्र्योट भई सकेको छ र थप वेरुजु फछ्र्यौट गर्ने प्रयास गरिने छ ।

७. आर्थिक वर्षको अन्तिम समयमा काम गरी कम गुणस्तरको कामलाई भुक्तानी दिनुपर्ने र उपभोक्ताको खातामा वजेट रोक्का गरी लामो समय सम्म काम नगर्ने परिपाटीलाई निरुत्साहित गरिएको छ । गत वर्ष भन्दा यो वर्ष ठीक एक महिना अगावै जिल्ला परिषद संचालन गरी मुलुककै अग्रपंतिमा जिल्ला परिषद् सम्पन्न गर्न हामी सफल भएका छौं । गत जिल्ला परिषदले स्वीकृत गरेका योजनाहरु संचालन गर्नका लागि अर्को जिल्ला परिषद कुर्ने परिपाटीको अन्त्य गरी अख्तियारी, नीति निर्देशन प्राप्त हुना साथ वजेट वाँडफाँड गरी प्रथम तथा दोश्रो चौमासिकवाट कार्यक्रम संचालन गर्ने परिपाटीको शुरुवात गरिएको छ । यसवाट वजेट फ्रिज नहुने वा कम वजेट फ्रिज हुने प्रतिस्पर्धात्मक विकास प्रणालीको शुरु भई समयमै गुणस्तरयुक्त काम सम्पन्न हुने अपेक्षा गरेको छु ।

८. अनुमानको भरमा वजेट छुट्टाउने परिपाटीको अन्त्य गरी सडक, सिचाई, खानेपानी जस्ता आयोजनाहरुमा सर्व प्रथम सर्भे, ड्रईङ्ग, डिजाईन र लगत इस्टिमेट गरी लगत इस्टिमेटको आधारमा प्राथमिकताक्रम अनुसार वजेट विनियोजन गर्ने र सोही आधारमा निर्माण सम्पन्न गर्ने गरी वजेट विनियोजन गर्ने प्रक्रियाको थालनी गरिएको छ । यसवाट धेरै योजनालाई थोरै थोरै वजेट छुट्टाई दशकौं सम्म सम्पन्न नहुने, वजेट खर्च हुने तर काम केही नदेखिने परिपाटीको अन्त्य हुने विश्वास लिएको छु ।

९. रुपैडिया-हिल्सा जोडने सडक खण्डको कर्णाली करिडोर अन्तर्गत कर्णाली नदीको खुलालु पुल मिति २०७१ पौष २८ गते यातायात मन्त्री श्री विमलेन्द्र निधिवाट उदघाट्न भएको थियो । जुन पुल निर्माण भए पछि कालिकोट जिल्लाको विकासमा आमुल परितर्वन आउने अपेक्षा लिएको छु । कर्णाली राजमार्गको सुर्खेत-जुम्ला सडकको कालिकोट खण्डमा पनि यसै वर्ष देखि ओटासिल गर्ने काम सम्पन्न भई यातायात सेवा वाह्रै महिना संचालनमा आउने अपेक्षा लिएको छु ।

१०. गत वर्ष मान्म वजार स्थित जिल्ला प्रहरी कार्यालय देखि प्रतिमाचोक सम्मको सडकको RCC ढलानको काम ५० प्रतिशत भन्दा वढी सम्पन्न भएको छ भने चालु आ.व.मा पनि वाँकी काम शुरु भईसकेको छ । जाडो समयमा प्राविधिक कठिनाईका कारण रोकिए पनि ढुंगा विच्छयाउने काम सम्पन्न भई सकेको हुनाले २०७१ सालको अन्त सम्ममा मान्म वजारको उक्त सडकमा RCC ढलान गर्ने काम सम्पन्न हुनेछ ।

## उपस्थित अतिथि महानुभावहरु

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र ऐ. नियमावली, २०५६ मा ब्यवस्था भए अनुरुप जिल्ला विकास समिति अन्तर्गतका पाँचवटै विषयगत समितिहरु (भौतिक पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, वन तथा वातावरण समिति र संस्थागत विकास समिति) को कार्यक्रम विश्लेषणात्मक रुपमा अध्ययन गरी कार्यालयगतरुपमा परिष्कृत गरी स्पष्टरुपमा विनियोजित वजेटलाई तपसिल वमोजिम प्रस्तुत गरेको छु । सीमित श्रोत र साधनवाट जनताका असीमित माग र वढ्ढो जनआकांक्षालाई एकैपटक सम्वोधन गर्न नसकिने यथार्थतालाई आत्मसाथ गरी जिल्लालाई प्राप्त वजेट सिलिङ्ग र जिल्लाको अतिरिक्त श्रोत अति न्यून रहेकाले आन्तरिक श्रोत र प्राप्त हुने अनुदानको दायरालाई मूल्यांकन गरी वजेट तर्जुमा गरिएको छ ।

जिल्लामा प्राप्त हुने सवै निकायको कुल वजेट विश्लेषण गर्दा सरकारी, गैर सरकारी तथा आन्तरिक श्रोत र राजश्ववाट प्राप्त हुने अन्य वजेट मध्ये राजश्व तर्फ रु ११ लाख ४५ हजार आन्तरिक आय तर्फ रु ८ लाख १० हजार नेपाल सरकार तथा वाह्य श्रोटवाट प्राप्त अनुदान रु २ अर्व २३ करोड ३५ लाख ३९ हजार गरी कुल जम्मा रु २ अर्व २३ करोड ५४ लाख ९४ हजार चालु आ.व. २०७१/०७२ को लागि संसोधित वजेट अनुमान पेश गरिएको छ । जसमा चालु तर्फ रु ९७ करोड ८५ लाख १ हजार (४४ प्रतिशत) र पुजिगत तर्फ रु १ अर्व २५ करोड ९६ लाख ९४ हजार (५६ प्रतिशत) रहेको छ ।

यसै अनुरुप आगामी आ.व. २०७२/०७३ को लागि यस जिल्लामा प्राप्त हुने सरकारी, गैर सरकारी तथा आन्तरिक श्रोत र राजश्ववाट प्राप्त हुने अन्य वजेट समेत देहाय अनुसार प्रस्तावित वजेट अनुमान पेश गरेको छु ।

राजश्व तर्फ रु १२ लाख ३३ हजार आन्तरिक आय तर्फ रु १३ लाख १ हजार नेपाल सरकार तथा वाह्य श्रोतवाट प्राप्त हुने अनुदान रु २ अर्व ११ करोड १२ लाख ८२ हजार गरी कुल रु २ अर्व ११ करोड ३८ लाख १६ हजार रहेको छ जस मध्ये चालु खर्च रु १ अर्व २ करोड ७३ लाख ५ हजार र पुजिगत खर्च रु १ अर्व ८ करोड ६५ लाख ११ हजार रहेको छ ।

उल्लेखित आ.व. २०७२/०७३ को प्रस्तावित वजेटलाई विषयगत समितिमा विनियोजन गरी हेर्दा देहाय अनुसार हुने देखिन्छ ।

| सि. नं. | विषयगत क्षेत्र | प्रस्तावित वजेट | कुल वजेटको प्रतिशत |
|---|---|---|---|
| १ | वन तथा वातावण समिति | १ करोड ७४ लाख १३ हजार | ०.८२ % |
| २ | आर्थिक विकास समिति | १६ करोड ६० लाख १२ हजार | ७.७६ % |
| ३ | भौतिक पूर्वाधार विकास समिति | ८८ करोड ५३ लाख ४४ हजार | ४१.९३ % |
| ४ | सामाजिक विकास समिति | १ अर्व ४ करोड २५ लाख ११ हजार | ४९.३८ % |
| ५ | संस्थागत विकास समिति | | |

:

**आदरणीय अतिथि महानुभावहरु**

अव म जिल्ला विकास समिति तर्फको आय ब्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु । जसमा चालु आ.व. २०७१/०७२ को लागि आन्तरिक श्रोत र राजश्ववाट प्राप्त हुने रु १९ लाख ५५ हजार नेपाल सरकार र वाह्य अनुदानवाट रु ६८ करोड १ लाख ७१ हजार गरी जम्मा रु. ६८ करोड २१ लाख २६ हजार आय अनुमान गरिएकोमा देहाय अनुसार वजेट प्राप्त हुन आएको छ ।

**आन्तरिक आय तर्फ :**

| सि.नं. | आय शिर्षक | आय अनुमान वजेट | कैफियत |
|---|---|---|---|
| १ | मालपोतवाट | ११ लाख २० हजार | |
| २ | वन रोयल्टीवाट | २५ हजार | |
| ३ | जिविसको अन्य आय तर्फ | ८ लाख १० हजार | |
| | जम्मा | १९ लाख ५५ हजार | |

केन्द्रवाट प्राप्त अनुदान चालु २२ करोड ९६ लाख ४५ हजार (३३ प्रतिशत) र पुजिगत ४५ करोड ५ लाख २६ हजार (६७ प्रतिशत) गरी जम्मा रु. ६८ करोड १ लाख ७१ हजार गरी आगामी आ.व. २०७२/०७३ को लागि प्रस्तावित वजेट देहाय अनुसार छ । आन्तरिक श्रोत र राजश्ववाट रु २५ लाख ३४ हजार नेपाल सरकार तथा वाह्य श्रोतवाट अनुदान रु ७३ करोड १ लाख २ हजार जम्मा गरी ७३ करोड २६ लाख ३७ हजार मध्ये चालु वजेट रु २६ करोड ३९ लाख ८४ हजार (३५ प्रतिशत) र पुजिगत वजेट रु ४६ करोड ८६ लाख ५३ हजार (६५ प्रतिशत) रहेको छ ।

**श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु**

**अन्त्यमा,**

हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी आफ्नो व्यस्त समयका वावजुद पनि यस गरीमामय परिषदमा प्रमुख अतिथिकोरुपमा उपस्थित भई आम कालीकोटवासीको उत्साह वढाईदिनु भएकोमा माननीय उपप्रधान एवं संघीय मामिला तथा स्थानीय

विकास मन्त्री प्रकाशमान सिंहज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस वजेटको सफल कार्यान्वयवाट कालिकोट जिल्लाको समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक सम्वृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने विश्वास लिएको छु । चालु वजेटको कार्यान्वयन र आगामी आ.व.को वजेट तर्जुमामा सहयोग पुऱ्याउने माननीय सभासदज्यूहरु, राजनैतिकदलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सरकारी कार्यालयका प्रमुखज्यूहरु, नागरिक समाज, गैसस, निजीक्षेत्र, दातृ निकाय, संचारकर्मी मित्रहरु तथा सम्पूर्ण कर्मचारी लगायत सवैलाई धन्यवाद ब्यक्त गर्दछु ।

प्रस्तुत वजेटको सफल कार्यान्वयनमा समेत यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा लिएको छु ।

धन्यवाद !

मिति २०७१/१०/२८ वुधवार

**टीकाराम ज्ञवाली**
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति, कालिकोट